भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं. : २०७६।०७७ मिति :२०७६।१२।०३
च.नं. :

**कोरोना भाइरस (COVID-2019) रोकथाम तथा पूर्वतयारी सम्वन्धि जरुरी सूचना ।**

विश्वका विभिन्न देशहरुमा फैलिएको नोभेल कोरोना भाइरस (COVID-2019) लाई विश्व स्वास्थ्य संगठनले विश्वव्यापी महामारी घोषणा गरेको साथै नेपाल पनि उच्च जोखिममा रहेको हुनाले उक्त रोगको रोकथाम तथा पूर्वतयारीका लागि भरतपुर महानगरपालिकाभित्र तपसिल बमोजिमका कार्यहरु पालन गर्नु गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

- सरकारी तथा निजी अस्पतालहरुले ज्वरोको विरामीहरुका लागि सम्भव भएसम्म छुट्टै फिभर क्लिनिकको व्यवस्थापन गर्ने ।
- बैंक तथा वित्तिय संस्थाहरुले एटिएम मेशिनबाट संक्रमण फैलिन सक्ने भएकोले स्यानिटाइजरको व्यवस्था गर्ने ।
- ठूला शपिङ मलहरुमा मानिसहरुको भिडभाड नहुने किसिमले व्यवस्थापन गर्ने र ज्वरो आएका व्यक्तिहरुलाई स्क्रिनिङ गरी प्रवेश निषेध गर्ने ।
- होटेलहरुमा आगन्तुकहरुको लगबुक राखी संक्रमण संभावित स्थानबाट आएका व्यक्तिहरुको पहिचान गरी अस्पताल पठाउने व्यवस्था गर्ने ।
- सिनेमा घरहरु वन्द गर्ने वा संभावित विरामीहरुलाई स्क्रिनिङ गरेर प्रवेश गर्न नदिने ।
- विद्युतिय हाजिरीको भएको स्थानमा स्यानिटाइजरको व्यवस्था गर्ने वा वैकल्पिक व्यवस्थापन गर्ने ।
- हाट वजारहरु साथै मासु पसलहरु व्यवस्थित रुपले संचालन गर्ने ।
- व्यक्तिगत रुपमा सुरक्षित रहन नियमित रुपले सावुन पानीले हात धुने वानी वसाल्ने साथै धेरै भिडभाड हुने स्थानमा नजाने ।
- कोरोना सम्वन्धि आवश्यक जानकारीका लागि पैसा नलाग्ने फोन नं.१११५ मा सम्पर्क राख्न सकिन्छ ।

(प्रेमराज जोशी)
प्रमुख प्रशासकीय अधिकृत